आज मिति २०७७ साल फाल्गुन १९ गते बुधवारका दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँकार्यपालिकाको वैठक तपसिल बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | अनुपस्थित |
| ३ | सदस्य | श्री डम्बर बहादुर कार्की | |
| ४ | सदस्य | श्री भिम प्रसाद राई | |
| ५ | सदस्य | श्री गणेश बहादु खत्री | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | अनुपस्थित |
| ९ | सदस्य | श्री राज कुमार राई | |
| १० | सदस्य | श्री उदिमान श्रेष्ठ | |
| ११ | सदस्य | श्री बम बहादुर श्रेष्ठ | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री तुलसीमाया ठाडा मगर | अनुपस्थित |
| १४ | सदस्य | श्री पवित्र राई | अनुपस्थित |
| १५ | सदस्य | श्री शुकमाया राई | अनुपस्थित |
| १६ | सदस्य | श्री अमर बहादुर वि.क. | |
| १७ | सदस्य | श्री लक्ष्मण हायु | |
| १८ | सचिव | श्री याम बहादुर उपरकोटी | |
| १९ | प्रशा. अधिकृत (ई.वि.) | श्री बाबुराम के.सी. | |
| २० | इन्जिनियर | श्री गजेन्द्र कुमार साह | |
| २१ | शिक्षा अधिकृत | श्री रमेश प्रसाद दाहाल | |
| २२ | लेखापाल | श्री अनुप नेपाल | |

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

आमचोक गाउँपालिकाको कार्यालय, भोजपुर

निर्णय पुस्तिका- बैठक संख्या:१५ मिति:२०७७/११/१९

प्रस्तावहरुः

१. गाउँपालिका भवन निर्माण सम्वन्धमा ।
२. जग्गा अधिग्रहण सम्वन्धमा ।
३. हात्तिपाइले खानेपानी एक घर एक कार्यक्रम ठेक्का गर्ने सम्वन्धमा ।
४. विपन्न जनता आवास कार्यक्रम घर धुरि छनौट सम्वन्धमा ।
५. सहकारी ऋणकोष संशोधन सम्वन्धमा ।
६. समपुरक कोष वाडफाँड संशोधन सम्वन्धमा ।
७. सशर्त अनुदान थप कार्यक्रम सम्वन्धमा ।
८. स्थानीय तह स्यानेटरी प्याड व्यवस्थापन तथा वितरण समिति सम्वन्धमा ।
९. हेलीप्याड निर्माण भुक्तानी सम्वन्धमा ।
१०. स्थानीय पाठ्यक्रम निर्माण सम्वन्धमा ।
११. वहुक्षेत्रिय पोषण कार्यक्रम सम्वन्धमा ।
१२. साना तथा लघु जल विद्‌धुत सहयोग सम्वन्धमा ।
१३. आर्थिक सहायता सम्वन्धमा ।

निर्णयः

१. उपरोक्त प्रस्ताव नं १ माथि छलफल भै आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको नाममा दर्ता श्रेस्ता रहेको गाउँपालिका आमचोक -४ मा पर्ने जग्गामा आमचोक गाउँपालिका गाउँकार्यापालिका कार्यालयको प्रशासकीय भवन निर्माणको प्रकृया वढाउने र सोका लागि परामर्श सेवा मार्फत विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी र माटो परिक्षण गर्न समपुरक कोष(गाउपालिका र प्रदेश सरकार) वाट रु १५ लाख विनियोजन गर्ने निर्णय गरियो ।

२. उपरोक्त प्रस्ताव नं २ माथि छलफल भै आमचोक गाउँपालिका गाउँ कार्यापलिकाको प्रशासकीय भवन निर्माणका लागि आमचोक गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको नाममा रहेको जग्गाको केहि क्षेत्रफलमा सामुदायिक भवन निर्माण भैसकेको र वाँकी क्षेत्रफलको जग्गा अप्रयाप्त हुने ठहर्याइ उक्त जग्गासँग जोडिएका आसपासवाट आवश्यक जग्गा अधिग्रहण गरि जग्गा प्राप्तिको प्रकृया वढाउने निर्णय गरियो ।

३. उपरोक्त प्रस्ताव नं ३ माथि छलफल भै आमचोक गाउँपालिकामा निर्माणाधिन रहेको हात्तिपाइले खानेपानी योजना-एक घर एक धारा कार्यक्रमका लागि नेपाल सरकारवाट चालु आवमा रु १ करोड वजेट विनियोजन भएकोमा उक्त कार्यका लागि हात्तिपाइले खानेपानी आयोजना मेनलाईन विस्तार तथा डिस्ट्रिव्युसन लाईन आमचोक-०८ का लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार आमचोक गा.पा. मोरङ र सुनसरी जिल्लाको आ.व. २०७७-०७८ को स्वीकृत जिल्ला दररेटको अधिनमा रही रु ४६२०३६९८.४८ वरावरको लागत अनुमान तयार गरि आमचोक गाउँपालिकाको कार्यालयको मिति २०७७/१०/२६ को वैठकले स्वीकृत गरेकोमा उक्त कार्यको लागि अपुग रकम आगामी आ.व. मा स्थानीय सरकार प्रदेश सरकार र संघीय सरकारवाट श्रोतको सुनिश्चितता हुने गरि इविडिङ मार्फत वहुवर्षिय ठेक्काका लागि प्रकृया वढाउन निर्णय गरियो ।

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर १ नं. प्रदेश

२०७७/११/१९
प्रमुख प्रशासकीय अधिकृत

७७/११/१९
अध्यक्ष

४. उपरोक्त प्रस्ताव न ४ माथि छलफल भै विपन्न जनता आवास कार्यक्रमका लागि वडा कार्यलायको सिफारिसको आधारमा तपसिल वमोजिम घरधुरी छनौट गर्ने र प्रति घर निर्माण कार्यका लागि रु ३ लाखका दरले लाग्नेमा यस कार्यक्रमका लागि आमचोक गाउँसभा २०७७ ले चालु आ.व.का लागि विपन्न नागरिक आवास कार्यक्रममा विनियोजित वजेट रु १८,००,०००।०० रहेकोमा रु १२,००,०००।०० अपुग हुने देखिएको हुँद आगामी गाउँसभावाट व्यवस्थापन गर्ने गरि आवास निर्माणको कार्य प्रारम्भ गर्ने निर्णय गरियो ।

तपसिल

क. प्रेम विष्ट आमचोक -१०
ख. मंगलसिंह तामाङ आमचोक-९
ग. रेशम माया राई आमचोक -आमचोक-२
घ. प्रेम वहादुर वि.क. आमचोक -४
ङ. चन्द्रकला कार्की आमचोक-४
च. भीम वहादुर वि.क. आमचोक ८
छ. रिन्जु शेर्पा आमचोक -३
ज. धन प्रसाद राई आमचोक-३
झ. कमला राई आमचोक-१
ञ. सानीमाया राई आमचोक-१

५. उपरोक्त प्रस्ताव नं ५ माथि छलफल भै गाउँकार्यपालिकाको मिति २०७७/०९/२६ निर्णय नं ८ को सि.न. १ र ३ मा तपसिल वमोजिम संशोधन गर्ने निर्णय गरियो ।

**तपसिलः**

| सि.न. | विवरण | विनियोजित रकम | संशोधनीत |
|---|---|---|---|
| १ | **सहकारी ऋणकोष** | ४४७०७४।०० | ५६९७६७।०० |
| ३ | **सहकारी व्यवस्थापन तालिम** | २०००००।०० | १२१३०७।०० |
| ४ | **कन्टिजेन्सी** | ४००००।०० | ०.०० |

६. उपरांक्त प्रस्ताव नं ६ माथि छलफल भै आमचांक गाउँपालिकाको गाउँसभा २०७७ ले समपुरक कोषमा विनियोजित रकम रु १ करोडलाई तपसिल वमोजिमको शीर्षकमा वाडँफाड गर्ने निर्णय गरियो ।

**तपसिलः**

| सि.न. | शीर्षक | वाडफाँड गरिएको रकम | कैफियत |
|---|---|---|---|
| १ | अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम | २२८१७३७।०० | साविकको गाउँपालिकाको साझेदारी वजेटमा १ लाख थप (सिविआर तलव सुविधामा अपुग रु १ लाख) |
| २ | हात्तिपाइले खानेपानी योजना(एक घर एक धारा कार्यक्रम) | ५५४८९९१।०० | |
| ३ | गाउँपालिकाको (प्रशासकीय भवन) | १३,००,०००।०० | |
| ४ | मुख्य मन्त्रि ग्रामिण सडक | ८६९२७२।०० | अल्या (एमएस |



आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालंखा, भोजपुर १ नं प्रदेश

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | कार्यक्रम | | कन्स्ट्रक्सन प्रा.लि.लाई भुक्तानी) |

७. उपरोक्त प्रस्ताव नं ७ माथि छलफल भै आमचोक गाउँपालिकाका लागि संघीय सरकारवाट तपसिल वमोजिमका शशर्त शीर्षकमा थप कार्यक्रम र विनियोजित रकम (कार्यक्रमको नाम संशोधन सहित) गाउँसभावाट अनुमोदन हुने गरि खर्च गर्ने निर्णय गरियो ।

**तपसिलः**

| **सि.न.** | **शीर्षक** | **विनियोजित रकम (रु हजारमा)** | **कैफियत** |
|---|---|---|---|
| १ | २.६.४.८६ गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ वमोजिम लघु उघम विकास मोडेलमा नयाँ लघु उद्धमी सिर्जना गर्ने | २२८० | कार्यक्रमको नाम संशोधन र वजेट विनियोजन भै आएको |
| २ | २.६.४.८५ गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ वमोजिम उद्धमीको स्तरोन्नती(आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम | ४८० | कार्यक्रमको नाम संशोधन र वजेट विनियोजन भै आएको |
| ३ | २.६.४.१४ संभाव्य उत्पादनको उत्पादकत्व र वजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रविधि हस्तान्तरण | १४० | कार्यक्रमको नाम संशोधन र वजेट विनियोजन भै आएको |
| ४ | २.७.१३.३३. अंग्रेजी गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | १९४४ | नयाँ वजेट तथा कार्यक्रम थप |
| ५ | २.७.१५.१२३ उन्नत मकै विउमा कृषकहरुलाई अनुदान कार्यक्रम | ५९५ | नयाँ वजेट तथा कार्यक्रम थप |
| ६ | २.७.२२.१०२ आधारभुत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माणको भुक्तानी | २४०० | नयाँ वजेट तथा कार्यक्रम थप |
| ७ | २.७.२५.६२ कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजीकरणका लागि शैक्षिक कार्यक्रम | ३१३२ | नयाँ वजेट तथा कार्यक्रम थप |
| ८ | २.७.३.२ कामको लागि पारिश्रमिक (विपन्न श्रमिकको ज्याला (दैनिक रु ५१७) | ६९८० | नयाँ वजेट तथा कार्यक्रम थप |
| ९ | ६.२.२.४२२ एक गाउँ एक कृषि तथा पशु प्राविधिकको तलव | ९३१.३५ | नयाँ वजेट तथा कार्यक्रम थप |
| १० | ६.२.२.७५४ सुरक्षित नागरिक आवास कार्यक्रम | ३२४१ | नयाँ वजेट तथा कार्यक्रम थप |
| | ६.२.२.७५४ सुरक्षित नागरिक आवास कार्यक्रम | ५१० | नयाँ वजेट तथा कार्यक्रम थप |

८. उपरोक्त प्रस्ताव नं ८ माथि छलफल भै आमचोक गाउँपालिकाको स्यानिटरी प्याड व्यवस्थापन तथा वितरण समितिको सदस्यमा कार्यपालिका सदस्य श्री सुकमाया राईलाई तोक्ने निर्णय गरियो ।

आमचोक गाउँ कार्यपालिका

प्रमुख प्रशासकीय अधिकृत अध्यक्ष

९. उपरोक्त प्रस्ताव न ९ माथि छलफल भै आमचोक गाउँपालिकामा नेपाली सेनाको प्राविधिक र श्रम सहभागीतामा आमचोक गाउँपालिका वडा नं ३ मा हेलिप्याड निर्माणका लागि आवश्यक निर्माण सामाग्री खरिदका लागि भएको खर्च रकम रु १,९०,०००।०० खर्च अनुमोदन गरि गाउँपालिकाको मर्मत संभार कोष शीर्षकवाट भुक्तानी गर्ने निर्णय गरियो ।

१०. उपरोक्त प्रस्ताव नं १० माथि छलफल भै आमचोक गाउँपालिकाको स्थानीय पाठ्यक्रम निर्माणका लागि शिक्षा शाखा प्रमुख-शिक्षा अधिकृत श्री रमेश प्रसाद दाहालको संयोजकत्वमा ७ सदस्यीय मस्यौदा समिति गठन गरि पाठ्यक्रम मस्यौदा पेशको जिम्मेवारी तोक्ने निर्णय गरियो ।

११. उपरोक्त प्रस्ताव नं ११ माथि छलफल भै आमचोक गाउँपालिकाको पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिले वजेट तथा कार्यक्रम छनौट गरि पेश गरेको कार्यक्रमलाई स्वीकृत गर्ने निर्णय गरियो ।

१२. उपरोक्त प्रस्ताव नं १२ माथि छलफल भै संघीय सरकारवाट राष्ट्रिय ग्रामिण तथा नवीकरणीय उर्जा कार्यक्रम शीर्षक अन्तर्गतको लघू तथा साना जलविद्धु आयोजनालाई विद्धुत उत्पादन सहयोगका लागि चालु आ.व.मा प्राप्त वजेट रु ४,००,०००।०० आमचोक गाउँपालिकामा हाल संचालनमा रहि विद्धुत उत्पादन गरिरहेका तपसिल वमोजिमका लघु जलविद्धुत उत्पादक समितिलाई २/२ लाख प्रदान गर्ने निर्णय गरियो ।

तपसिलः

अ. श्री सामुदायिक वचत तथा ऋण सहकारी संस्था लि. कावाखोला लघू जलविद्धुत उपभोक्ता समिति आमचोक ६ देवान्टार

आ. लघुजलविद्धुत समिति वुवाखोला-१ वालांखा

१३. उपरोक्त प्रस्ताव नं १३ माथि छलफल भै आमचोक गाउँपालिका वडा नं ७ स्थायी ठेगाना भएका टिकाराम मगरका पारिवारिक आर्थिक अवस्था न्यून रहेका छोरा भक्त वहादुर मगर मृगौला रोगवाट पिडित भै उपचारत भएकोमा रु १०,०००।०० आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

प्रमाणित गरियो।

२०७७/११/१९

प्रमुख प्रशासकीय अधिकृत

२०७७/११/१९

अध्यक्ष

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर १ नं प्रदेश